बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

## सिन्धुली

# धानको मरुवा रोग (Blast Disease)

यो रोग *Magnaporthe grisea* नामक ढुसीबाट हुन्छ। यो धानको सबैभन्दा हानिकारक रोग मध्ये एक हो जसले पातदेखि दानासम्म सबै भागमा आक्रमण गर्छ। केवल पातको फेद र जरामा मात्र यसको प्रभाव कम हुन्छ। यो रोगको कीटाणु जाडोमा निष्क्रिय अवस्थामा रहेर विभिन्न माध्यमहरूमा बस्छ।

### रोगको अनुकूल परिस्थितिहरूः

- बोटका भागहरू लामो समयसम्म ओसिलो रहनु,
- रातको समयमा उच्च आर्द्रता,
- हावा प्रवाहको कमी,
- तापक्रम १७-२३°C को बीचमा रहनु,
- पातमा शीतका थोपाहरू लामो समयसम्म रहनु ।

### लक्षणहरूः

- सुरुमा बैजनी रङका साना दागहरू देखिन्छन् ।
- पछि लामो आकारका धब्बाहरू बन्छन् जसको बीच भाग खैरो वा सेतो हुन्छ ।
- बालाको घाँटी कुहिन्छ (नेक ब्लास्ट),
- बाला मर्छ (पेनिकल ब्लास्ट),
- पातको माथिल्लो भाग र पातको फेद जोडिएको ठाउँमा कुहिने गर्दछ (कोलार ब्लास्ट),
- काण्डका गाँठाहरूमा धब्बाहरू देखिन्छन् (नोड ब्लास्ट) ।



चित्रः १. पातको फेदमा मरुवा रोग   २. पातमा मरुवा रोग   ३. डाँठको गाँठामा मरुवा रोग

### रोकथाम र नियन्त्रणः

- पुराना बालीका अवशेषहरू जलाउने।
- बीउलाई जैविक कीटनाशकहरू (*Pseudomonas fluorescence* र *Trichoderma*) ले उपचार गर्ने।
- झारपात नियन्त्रण गर्ने।
- सन्तुलित नाइट्रोजन प्रयोग र सिलिकन मिलाउने।
- खेतमा उचित पानी व्यवस्थापन गर्ने ।
- रोग प्रतिरोधी जातहरू जस्तै साबित्री, लोकतन्त्र, खुमल-१० आदि प्रयोग गर्ने ।
- आवश्यक भएमा *Carbendazim ५०% WP @ २ ग्राम प्रति लिटर पानी* वा *Tricyclazol* ७५% WP @ ०.७५ ग्राम प्रति लिटर पानी वा हेक्जाकोनाजोल ५% EC @ २ ग्राम प्रति लिटर पानी वा कासुगामईसिन ३% SL @ १.५ मि.लि. प्रति लिटर पानीमा मिसाएर १५ दिनको फरकमा २-३ पटक छर्ने ।

संकलक तथा तयारकर्ताः विशेषज्ञ सेवा शाखा, कृषि विकास कार्यालय, सिन्धुली